संसारका मजदुरहरु एक होऔं !

मार्क्सवाद-लेनिनवाद-माओवाद – जिन्दावाद !

# नेपाल कम्युनिस्ट पार्टी (माओवादी)
# Communist Party of Nepal (Maoist)
## केन्द्रीय कार्यालय
## Central Office

पत्र संख्या/Serial No. :-

चलानी नं./Regd.No. :-

*मिति : २०८२ असोज २७ गते*

**प्रेस वक्तव्य**

नेपाल देशको स्थायी शान्ति र विकासका लागि विभिन्न क्रान्तिकारी, जन-आन्दोलनहरू भए खासगरी नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को नेतृत्वमा जनयुद्ध र १९ दिने जनआन्दोलनले हिजोका सामन्ती निरंकुश राजतन्त्रको अन्त्य र नेपाली उत्पीडित जनताको उज्वल भविष्यको दिशानिर्देश गर्ने र विश्वको सुन्दर, शान्त, शक्तिशाली र सार्वभौम सम्पन्न देश नेपाल निर्माणका लागि संविधान बनाउँदै जाने क्रममा नेपाली जनता र देशले मागेको संविधान बन्न सकेन। तात्कालिन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का अध्यक्ष प्रचण्डले नेपाली जनताका होनहार सहिदहरू (छोराछोरीहरू) को उद्देश्य, सपनामाथि विश्वासघात गर्दै गद्दार गरेका छन्। फलस्वरूप देशीविदेशी दलाल र दलाल पुँजीपतिहरूको चुङ्गुलमा पर्दै नाममा लोकतान्त्रिक गणतन्त्र तर दलाल संसदीय व्यवस्थाको स्थापना गरि प्रचण्ड स्वयम् आफै त्यसका एक मालिकको रूपमा स्थापित भएका छन्।

जनयुद्धका र नेपाली उत्पीडित जनताका मुख्य मागहरू २०७२ को संविधानमा समेट्न सकेन। फलस्वरूप हामी निरन्तर विरोध गर्दै प्रचण्डसँग विद्रोह गरी राष्ट्र र राष्ट्रियताको विषय, आम नेपाली जनताको मुक्तिको मुद्दा उठाउँदै आएको नेपाल कम्युनिस्ट पार्टी (माओवादी) पुनर्गठन गर्दै नेपाललाई जनयुद्धको बाटोमार्फत वर्गसङ्घर्षबाट वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्न, भ्रष्टाचार मुक्त देश बनाउन, राष्ट्रघाती र भ्रष्टाचारीको सम्पत्ति जफत गरि राष्ट्रियकरण गर्न, असमान सन्धि सम्झौता खारेज गर्ने, राज्यको पुर्नरसंरचना गर्न, निःशुल्क शिक्षाको ग्यारेन्टी गर्न, स्वास्थ्य उपचारमा निःशुल्क व्यवस्था गर्न, क्रान्तिकारी भुमि सुधार लागू गर्न, राज्यको सम्पूर्ण निकायमा ५०% महिलाको अनिवार्य सहभागीताको ग्यारेन्टी गर्न, राष्ट्रपति शासन व्यवस्था लागू गरी देशलाई स्थायी शान्ति र तिव्र आर्थिक र वैज्ञानिक विकासका लागि निरन्तर अगाडि बढिरहेका छौं।

आज देशमा दलाल संविधान र दलाल पुँजीपति संसदीय व्यवस्थाका कारणले दलाल पार्टीहरूका प्रमुख प्रचण्ड, केपी शर्मा ओली, शेरबहादुर देउवालगायत मधेसवादी दलहरू, केही नयाँ नामधारीका साना दलाल पार्टीका कारण देशका सम्पूर्ण निकायमा झन दलाली चाकरी, राष्ट्रघाती कामहरू भएको छ। भ्रष्टाचार, कुशासन, हत्या, बलात्कारका घटनाहरू झन् बढ्दै गएका छन्। देशका युवा-विद्यार्थी, दक्ष जनशक्ति विदेश पलायनबाट घट्नुको सट्टा झन् बढ्दै गएर झण्डै ६० लाख भन्दा बढी नेपाली दाजुभाई तथा दिदीबहिनीहरू बाध्यताले आफ्नो देश र परिवार छाडेर गएका छन्। देशका युवा - युवतीहरू बेरोजगार भई कुलतमा (लागू औषध)मा फसेका छन्।

देशको राष्ट्रिय उद्योग र कलकारखाना खोल्नुका सट्टा भएका-उद्योग-कारखानाहरू (विराटनगरको जुट मिल, सुनवल र विरगञ्जको चिनी मिल, बुटवलको धागो कारखाना, भृकुटी कागज कारखाना, गोरखकाली टायर उद्योग, हेटौँडाको कपडा उद्योग, चोभार, हेटौँडाका सिमेन्ट कारखाना, बाँसबारीको छाला जुत्ता-चप्पल उद्योग आदि) धरासायी र जीर्ण बनाई दलाल संसदीय व्यवस्थाका मालिकहरूले लुटिरहेका छन् ।

देशका राष्ट्रिय गौरवका योजनाहरू सडक, पुललगायतका योजनालाई दक्ष र सक्षम निर्माण व्यवसायीलाई दिनुको सट्टा कमिसनको चलखेलमा आफ्ना दलाल ठेकेदार आसेपासेलाई जिम्मा दिई लथालिङ्ग बनाई भ्रष्टाचारमा डुबेका छन् । यस्तै जलविद्युत क्षेत्रमा राष्ट्रिय पुँजीपति वर्गलाई दिनुको सट्टामा दलाल पुँजीपति विचौलिया, कमिशनखोरलाई अरुण तेस्रो र काली नदीबाट ठुला परिणाममा विद्युत निस्कने स्थानमा आफ्ना बफादार दलाल पुँजीपति र ठेकेदारलाई दिँदै आएका छन् । यसको उदाहरणका लागि दलाल पुँजीपति सासंद विनोद चौधरीको कम्पनी सिजी ईनरगो प्रा.लि.लाई मुगु कर्णालीको १९०२ मेगावाट र अर्को दलाल सांसद सुनिलको कम्पनी नोवेल ग्रुप अफ हाईड्रो ईनर्जी  एण्ड पावरलाई किमाथांको अरुण ४५४ मेगावाट निस्कने बिजुली केपी ओलीको मन्त्रीपरिषद्ले दिएका छन् । नेपालको जलविद्युतको अधिकांश क्षेत्रमा विदेशी दलाल कम्पनी र नेपालका दलाल पुँजीपति, कमिशन खोरको हातमा पुगेको छ ।

नेपालको मुख्य आधार कृषि क्षेत्रमा पहिलो सर्त जमिन किसानहरूको हातमा छैन, जमिन जमिनदार जालिफटाहा, सामन्त, भू-माफिया, सुदखोर, विभिन्न दलाल कम्पनीको अधिनमा रहेको छ । बचेका साना र मध्यम किसानहरूले आफ्नो जीवन निर्वाह गर्नका लागि मिहिनेत गरि उब्जाएको कृषि जन्य  धान, मकै, गहुँ, उखु तरकारी, केरालगायतका वस्तुको उत्पादन मुल्य किसानले पाएका छैनन् भने पशु-पंक्षी, मत्स्य किसानले दूध, माछा, मासु अण्डालगायतको मूल्य नपाई बिचौलीया र दलालले नाफा गरेको दलाल संसदीय व्यवस्थाले गर्दै आइरहेको छ । जसको श्रम र लगानी बिना नाफा कमाउने गरिरहेको छ ।

हाम्रो देश नेपालको दक्षिणी सिमानामा करिब १५० भन्दा बढी  ठाउँमा  सिमाना मिचिदा दलाल पार्टी र दलाल सरकारले केही बोल्दैनन् सिमानामा रहेका देशभक्त जनता आवाज उठाउँदा उल्टै दमन गर्ने गरेको छ । हाम्रो देश नेपालको भूगोल लिपुलेक र लिम्पीयाधुरा हुँदै एकपक्षीय भारत र चीनले व्यापारीक नाका खोल्ने निर्णयको कडा विरोध गरेको छैन । ओपचारिक रूपमा कुटनैतिक नोट पठाई भ्कारा टार्ने काम गर्दै आएको छ । देशको लागि राष्ट्रघाती परियोजना MCC, MCA, SPP र BRI जस्ता दलाल संसदीय पार्टीहरूले सम्झौता गरि देशलाई पराधिनता तर्फ धकेलिरहेका छन् ।

शिक्षा क्षेत्रमा दलाल पुँजीपतिहरूको हावी रहेको छ । शिक्षालाई व्यापार बनाइएको छ । ठुलादेखि साना निजी विद्यालयहरूमा दलाल पुँजीपतिको लगानी रहेको छ । शिक्षा पूर्ण रूपमा उच्च तहसम्म निःशुल्क नगरी शिक्षालाई व्यापारको केन्द्र बनाएका छन् । राज्यबाट सञ्चालित सरकारी विद्यालयहरू दिनदिनै घट्दो धरासाई बन्ने क्रममा छ । शैक्षिक पाठ्यक्रममा नेपालको माटो सुहाउँदो वैज्ञानिक र व्यवहारिक पाठ्यक्रम बनाई शिक्षा प्रणालीको विकास गरि नेपालको शिक्षा क्षेत्रमा विदेशी युवा युवतीलाई समेत अध्ययन गर्ने केन्द्र विकास गरिनुपर्नेमा शैक्षिक क्षेत्र विकृति भई युवा विद्यार्थीहरू पलायन भैरहेको छ । यस्तै स्वास्थ्य क्षेत्रमा पनि बेथिति र विकृति  छन् ।

राष्ट्रको आर्थिक क्षेत्रमा राष्ट्रिय पुँजीपतिहरूलाई सहयोग र संरक्षण गर्दै राष्ट्रिय गौरवको आयोजना जलविद्युत क्षेत्रमा कलकारखाना, उद्योग र कृषि क्षेत्रमा बैंक तथा वित्तीय क्षेत्रको लगानी गरि देशको आर्थिक आधार निर्माण गर्नुको सट्टामा भइरहेको कलकारखाना, उद्योगी र किसानहरू विदेश पलायन भई ती नेपाली

श्रमिकहरू पठाएको र्यामिट्यान्सले दलालहरूले देश चलाउँदै आइरहेको छ त्यतिले नपुगेर देशको वैदेशिक ऋण झण्डै २७ खर्ब पुगेको छ। जनताले आफ्ना श्रम र पसिनाले जम्मा गरेको पैसा शहकारी ठगहरू दलाल सांसद पार्टीका नेता कार्यकर्ताले ठगी गरी अरबौं सम्पत्ति लुट्ने काम भएको छ।

दलाल संविधान र दलाल संसदीय व्यवस्थाका कारणले देशमा भएको भ्रष्टाचार, कुशासन चोरी, अपहरण, डकैती, तस्करी, हत्या, बलत्कार, मानव तस्कर जस्तो घटना दिनदिनै घटिरहेको छ। दलाल सरकारले आफ्नो सत्ता टिकाई राख्न विभिन्न कानुन र अध्यादेश मार्फत जनतालाई दमन गर्ने नीतिमा छ। फलस्वरूप विकल्प विना दलाल सरकारले लोकतान्त्रिक गणतन्त्रमा अभिव्यक्तिको स्वतन्त्रता माथि कुठाराघात गर्दै विभिन्न सामाजिक सञ्जालमाथि बन्देज गर्यो। यसै बेला नेपालका जेन-जी पुस्ता (क्रान्तिकारी युवा) को नेतृत्वमा सामाजिक सञ्जाल खोल्नु पर्ने, देशका भ्रष्टाचारको केन्द्र उन्मुलन गर्ने र सुशासनको, माग गर्दै गत भदौको २३ र २४ गते विद्रोह गरि दलाल सरकार, दलालका भ्रष्टाचारीका केन्द्रहरू, दलाल पार्टीका नेता कार्यकतामाथि मुख्य निशानाका केन्द्रहरू भए।

जेन-जी आन्दोलनको प्रभावले केपी शर्मा ओली पदच्युत भए पनि जेन-जी (क्रान्तिकारी युवा) पुस्ताले चाहेको शासन व्यवस्था आएन, जेन-जी, आन्दोलनको रक्षा र उपलब्धिमाथि देशीविदेशी दलालहरूले षड्यन्त्र गरि जेन-जी आन्दोलनको भावनाको सट्टामा अवैधानिक विदेशी दलाल शुशिला कार्कीको नेतृत्वमा सरकार गठन भई अग्रगमन तर्फ भन्दा पुरानै दलाल संविधान र संसदीय व्यवस्थाको बचाउ गर्दै कथित चुनावको ढ्वाङ फुकिरहेको छ। असंवैधानिक, विदेशी दलाल शुशिला कार्कीको नेतृत्वको सरकारको विघटन गर्नुपर्दछ।

यसै बेला नेपालको स्थायी शान्ति, तिव्र आर्थिक र वैज्ञानिक विकासको लागि २०७२ को दलाल संविधानको खारेजी र अन्तरिम सम्विधान जारी गरि, गणतन्त्रवादी देशभक्तहरू र जेन-जी (क्रान्तिकारी युव) पुस्ताको नेतृत्वमा अन्तरिम सरकार गठन गरि, जेन-जी आन्दोलनका हत्याराहरूलाई कारवाही गर्न, भ्रष्टाचारीहरूलाई कारवाही गर्न, राष्ट्रघाती र भ्रष्टाचारीको सम्पत्ति जफत गरि राष्ट्रियकरण गर्ने, राज्यको पुनःसंरचना सहित, वैज्ञानिक समाजवादी व्यवस्था र राष्ट्रपति शासन व्यवस्था लागू गर्ने दिशामा सम्पूर्ण देशभक्त, क्रान्तिकारी जनता र गणतन्त्रवादीहरू अगाडि बढ्नुपर्ने बेला आएको छ।

हामी सबैलाई थाहा छ, यतिबेला हाम्रो देश नेपाल गम्भीर र जटिल, नयाँ मोडमा उभिएको छ। क्रान्तिकारी आन्दोलन र परिवर्तनको पक्षमा सहिद हुनुहुने वीर सहितहरूका उद्देश्य र सपनालाई साकार पार्न हामी र हाम्रो पार्टीले जस्तोसुकै कठिन घडीमा अगाडि बढिरहने छौँ। आन्दोलनमा घाइते हुनुहुने वीर योद्धाहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौँ। यतिबेला देशभक्त, राष्ट्र सेवकहरू र गणतन्त्र वादीहरू सच्चा माओवादीहरू एक जुट हुनुपर्ने बेला आएको छ। तसर्थ नेपालका सम्पूर्ण सुरक्षा निकायका नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका सुरक्षाकर्मी साथीहरू, राष्ट्र सेवक कर्मचारीहरू, बुद्धिजीवी, वकिल, पत्रकार, किसान, मजदुर, राष्ट्रिय पुँजीपतिवर्गहरू, राष्ट्रिय र अन्तर्राष्ट्रिय कुटनैतिक नियोगहरू, मानवअधिकारवादीहरू हाम्रो यो अभियानमा सहयोगका लागि अपिल गर्दछौँ।

क्रान्तिकारी अभिवादनसहित-धन्यवाद !!

रणवीर
रणवीर
कार्यवाहक महासचिव